बैठक नं १७७

आज मिति २०८१/१०/०८ गतेका दिन युस तादी गाउँपालिकाका अध्यक्ष श्री सन्तमान तामाङ ज्यू को अध्यक्षतामा गाउँपालिका, गाउँकार्यपालिकाको बैठक बसि तपशिल बमोजिमको प्रस्ताव माथि छलफल गरी निर्णयहरु गरियो।

उपस्थिति

| क्र.स | नाम, थर | निर्वाचित पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री सन्तमान तामाङ | अध्यक्ष | |
| २. | श्री सन्जु प्याकुरेल श्रेष्ठ | उपाध्यक्ष | |
| ३. | श्री नकुर दोङ तामाङ | १ नं वडा अध्यक्ष | |
| ४. | श्री बच्चुराम तामाङ | २ नं वडा अध्यक्ष | |
| ५. | श्री सोनाम तामाङ | ३ नं वडा अध्यक्ष | |
| ६. | श्री अस्मिन कुमार पाण्डे | ४ नं वडा अध्यक्ष | |
| ७. | श्री सरोज भण्डारी | ५ नं वडा अध्यक्ष | |
| ८. | श्री सीरमान तामाङ | ६ नं वडा अध्यक्ष | |
| ९. | श्री छिरिङ शेर्पा | कार्यपालिका सदस्य | |
| १०. | श्री देवकी विश्वकर्मा | कार्यपालिका सदस्य | |
| ११. | श्री इन्जिला सिलवाल | कार्यपालिका सदस्य | |
| १२. | श्री सरिता तामाङ | कार्यपालिका सदस्य | |
| १३. | श्री शर्मिला उप्रेती खनाल | कार्यपालिका सदस्य | |
| १४. | श्री विसु सुनार | कार्यपालिका सदस्य | |
| १५. | श्री ध्रुव खनाल | सचिव | |
| अन्य उपस्थित कर्मचारी | | | |
| १६. | श्री सेवक विक्रम राई | लेखा अधिकृत | |
| १७. | श्री विरोचन खनाल | अधिकृत छैठौं | |
| १८. | श्री तोपमान श्रेष्ठ | सहायक पाँचौं | |

## प्रस्तावहरु

१. अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा।

२. सेवा करार कर्मचारीको म्याद थप सम्बन्धमा।

३. सडक बोर्डको लागत साझेदारी सुनिश्चितता सम्बन्धमा।

४. कार्यविधि स्वीकृत सम्बन्धमा।

- एम्बुलेन्स सेवा संचालन एवं व्यवस्थापन कार्यविधि, २०८१
- विपन्न नागरिक निशुल्क स्वास्थ्य बीमा सम्बन्धी कार्यविधि, २०८१
- खरानीटार अस्पताल संचालन तथा व्यवस्थापन कार्यविधि, २०८१

५. विपन्न नागरिकहरुका लागि स्वास्थ्य उपचार विशेष कोष संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६ संशोधन सम्बन्धमा।

६. जिल्ला प्रहरी कार्यालय नुवाकोटको CCTV जडान रकम भुक्तानी सम्बन्धमा ।

७. विविध

क. इलाका प्रहरी कार्यालय खरानीटारको सेफ्टी ट्याङ्की सरसफाईको रकम भुक्तानी सम्बन्धमा।

ख. बाँदर धपाउने बन्दुकको रकम भुक्तानी सम्बन्धमा।

ग. प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा ।

घ. गाउँपालिकाको लोगो छनोट सम्बन्धमा ।

# निर्णयहरु

| निर्णय नं. | निर्णयहरु |
|---|---|
| १ | प्रस्ताव नं १ उपर छलफल गर्दा गाउँकार्यपालिकाको मिति २०८१/०९/०९ को १७६ औ बैठकमा भएका निर्णय कार्यान्वयन उपर छलफल गरी समिक्षा गरियो । |
| २ | प्रस्ताव नं २ उपर छलफल गर्दा यस गाउँपालिकामा कार्यरत अस्थायी, सेवा करारमा कार्यरत २०८१ पौष मसान्त सम्म करार नविकरण भएका कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कन भरी कार्यसम्पादनका आधारमा करार सेवामा कार्यरत कर्मचारीहरुको कार्यसम्पादन स्तर मुल्याङ्कन तथा नयाँ अवधिको लागि करार सम्झौता सम्बन्धी मापदण्ड, २०७८ वमोजिम २०८२ असार मसान्त सम्म को लागि म्याद थप गर्ने निर्णय गरियो। |
| ३ | प्रस्ताव नं ३ उपर छलफल गर्दा सडक वोर्ड नेपालको लागत साझेदारी वापतको रकम रु ५,०२,०००। (अक्षरुपी पाँच लाख दुई हजार मात्र) आगामी हिउदे अधिवेशन बाट स्रोत सुनिश्चित हुने गरी हाललाई ठेक्का प्रक्रिया अगाडि बढाउने निर्णय गरियो । |
| ४ | प्रस्ताव नं ३ उपर छलफल गर्दा तपशिल बमोजिमको कार्यविधि स्वीकृत गर्न निर्णय गरियो। साथै खरानीटार अस्पताल संचालन तथा व्यवस्थापन कार्यविधि, २०८१ को सम्बन्धमा आगामी कार्यपालिका बैठकबाट स्वीकृत हुने गरि छलफल गरियो ।<br>तपशिल<br>• एम्बुलेन्स सेवा संचालन एवं व्यवस्थापन कार्यविधि, २०८१<br>• विपन्न नागरिक निशुल्क स्वास्थ्य बीमा सम्बन्धी कार्यविधि, २०८१ |
| ५ | प्रस्ताव नं ४ उपर छलफल गर्दा विपन्न नागरिकहरुका लागि स्वास्थ्य उपचार विशेष कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७६ को दफा ४ को उपदफा (क) र (ख) मा संशोधन गरी विपन्न नागरिकहरुका लागि स्वास्थ्य उपचार विशेष कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७६ को दफा ४ को उपदफा (क) मा रहेको " रु.२० हजार सम्मको" भन्ने शब्दको सट्टामा" रु ५०,०००।- ( अक्षरेपी पचास हजार सम्मको) र कोष संचालन समितिको निर्णय भन्ने वाक्यांशको सट्टा कार्यपालिकाको निर्णय भन्ने वाक्यांश राख्ने तथा ४ दफा को उपदफा (ख) मा रहेको "रु १०,०००।—(दश हजार)" भन्ने शब्दको सट्टा "१५,०००।—(अक्षेपी पन्ध्र हजार रुपैया)" भन्ने शब्दहरु राख्ने साथै दफा ४ को उपदफा (झ) मा विपन्न नागरिकहरुको लागि सहायता रकम उपलब्ध गराउँदा बैंक खाता नभएका विपन्न नागरिकहरको लागि कार्यालयको कुनै कर्मचारीलाई पेश्की दिई सो मार्फत सहयोग रकम सम्बन्धित व्यक्तिलाई उपलब्ध गराउने र सो पेश्की लिने कर्मचारिले मासिक |

रुपमा आर्थिक प्रशासन शाखामा सहायता रकम सम्बन्धित लाभग्राहिहरुलाई भुक्तानी गरेको फाँटवारी पेश गरी पेश्की फछ्यौट गर्ने भन्ने वाक्यांश थप गर्ने निर्णय गरियो।

त्यस्तै सोहि कार्यविधिको दफा ५ मा रहेको विपन्न नागरिक स्वास्थ्य उपचार विशेष कोष संचालन समितिमा सदस्यको रुपमा प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखलाई थप गर्ने निर्णय गरियो ।

६ प्रस्ताव नं ६ उपर छलफल गर्दा जिल्ला प्रहरी कार्यालय नुवाकोटको अनुरोधमा सुरक्षा व्यवस्थापन लाई प्रभावकारी बनाउन जिल्ला प्रहरी कार्यालयको हाता भित्र CCTV जडान भएको खर्च रकम मध्ये रु १,५०,०००। (अक्षरुपी एक लाख पचास हजार मात्र) आगामी हिउदे अधिवेशन बाट स्रोत सुनिश्चित हुने गरी भुक्तानी गर्ने निर्णय गरियो ।

७ प्रस्ताव नं ७ उपर छलफल गर्दा विविध शिर्षकमा तपशिल बमोजिमको निर्णय गरियो।

क. प्रस्तुत विषयमा इलाका प्रहरी कार्यालय खरानीटारको सेफ्टी ट्याङ्की सरसफाई वापतको खर्च भुक्तानी रकम रु ४२,९४०। (अक्षरुपी बयालिस हजार नौ सय चालिस मात्र) अनुमोदन गर्ने निर्णय गरियो।

ख. प्रस्तुत विषयमा यस गाउँपालिकामा बाँदर आतंकको कारण कृषि उपजमा हानि नोक्सानी पुगेको हुँदा बाँदर नियन्त्रण गर्न आवश्यक बाँदर धपाउने बन्दुक खरिद वापतको रकम रु ३७,५००।(अक्षरुपी सैतिस हजार पाँच सय मात्र) विपद व्यवस्थापन कोष शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो।

ग. प्रस्तुत विषयमा प्रधानमन्त्री रोजगार कार्यक्रम र सो कार्यक्रमको लागि यस गाउँपालिकाबाट भएको साझेदारी वापतको तपशिल बमोजिमको कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो।

**श्रम, सुरक्षा तथा सामाजिक सुरक्षा मन्त्रालय**
**प्रधानमन्त्री रोजगार कार्यक्रम**
**आ.व. २०८१/०८२**
**प्रधानमन्त्री रोजगार कार्यक्रम नेपाल सरकार**

| वडा नं. | आयोजनाको नाम | रकम | साझेदारी गर्ने आयोजनाको नाम | साझेदारी गर्ने निकाय | साझेदारी रकम |
|---|---|---|---|---|---|
| १ | किवी/ओखर खेती प्रवर्द्धन | | युवा रोजगार तथा नेपाल सरकार लागत साझेदारी | गाउँपालिका स्तरीय | २,००,००० |
| २ | चिलाउने काभ्रेटोल देखि लाप्तावाटोल खुड्किलो निमार्ण साथै गोलेटोल बाह्रबिसे गोरेटो बाटो निमार्ण | | चिलाउने काभ्रेटोल देखि लाप्तावा टोल खुड्किलो निर्माण | गाउँपालिका स्तरीय | ४,००,००० |
| | | | गोलेटोल बाह्रविसे गोरेटो बाटो निर्माण | वडा स्तरीय | १,५०,००० |
| ३ | अल्छेढुङ्गाबाट चण्डेश्वरी जाने गोरेटोबाटो थपतथातादी ३ भित्रका सडक सरसफाई | | अल्छेढुङ्गाबाट चण्डेश्वरी जाने गोरेटोबाटो थप निमार्ण | गाउँपालिका स्तरीय | २,००,००० |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | बाघमारा पर्यटन पार्क निर्माण र सातबिसे बाघमारा सडक सरसफाई | | बाघमारा पर्यटन पार्क निमार्ण | गाउँपालिका स्तरीय | २,००,००० |
| ५ | मलामीडाँडाबाट अमारे गोरेटो बाटो निर्माण तथा वडा नं. ५ भित्रका सडक सरसफाई | | मलामीडाँडाबाट अमारे गोरेटो बाटो निर्माण | गाउँपालिका स्तरीय | २,००,००० |
| ६. | गाउँले पानीदेखि बाखोर र मैदाली टोल ढकालडाँडासम्म गोरेटो बाटो निमार्ण | | गाउँले पानीदेखि बाखोर गोरेटो बाटो निमार्ण | गाउँपालिका स्तरीय | २,००,००० |

**युवा रोजगार (आइ.डि.ए)**

| वडा नं. | आयोजनाको नाम | रकम | साझेदारी गर्ने आयोजनाको नाम | साझेदारी गर्ने निकाय | साझेदारी रकम |
|---|---|---|---|---|---|
| १ | स्ट्रबेरी/कफि खेती तथा अलमोन्ड खेती प्रवर्द्धन | | | | |
| २ | सिम्लेबाट चिलाउने जाने पुरानो गोरेटोबाटो स्तरउन्नति साथै सिम्ले चिलाउने सडक ढुङ्गा सोलिङ तथामर्मत | | सिम्लेबाट चिलाउने जाने पुरानो गोरेटोबाटो स्तरोन्नती | गाउँपालिका स्तरीय | ३,००,००० |
| | | | सिम्लेबाट चिलाउने सडक ढुङ्गा सोलिङ | वडा स्तरीय | २,००,००० |
| ३ | कोषगाडे फेदी देखि वरेदेवीथान सम्मगोरेटो बाटो मर्मत, बाली पुछारदेखि अँधेरीखोला गोरेटो बाटो मर्मत | | | | |
| ४ | बाघमारा पर्यटन पार्क मर्मत साथै सातबिसे बाघमारा सडक सरसफाई | | | | |
| ५ | आँपखोल्चाबाट देउराली बतासेसम्म गोरेटो बाटो मर्मत र आँप्रपुल बगैंचा संरक्षण कार्य | | | | |
| ६. | दमैडाँडा गोरेटो बाटो मर्मत र हसिनचौर पल्लो पातले गोरेटो बाटो | | दमैडाँडा गोरेटो बाटो मर्मत | वडा स्तरीय | ३,००,००० |
| | | | हसिनचौर पल्लो पातले गोरेटो बाटोमर्मत | वडा स्तरीय | ३,००,००० |

घ. प्रस्तुत विषयमा यस गाउँपालिकाको लोगो डिजाइनको लागि प्रकाशित सूचना वमोजिम प्राप्त लोगोहरु अवलोकन गरियो साथै उक्त लोगोहरुमा केहि विषयहरु संशोधन तथा थप गर्नु पर्ने भएकाले लोगो निर्माण गरी पेश गर्ने व्यक्ति र फर्म तथा कम्पनीहरुलाई पृष्ठपोषण पठाउने र आगामी कार्यपालिका बैठकबाट स्वीकृत गर्ने निर्णय गरियो ।